केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्सः७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/१/०७९/८० मितिः २०७९/०६/१४

**इजाजतपत्रप्राप्त पुर्वाधार विकास बैंक**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त पुर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(डा. गुणाकर भट्ट)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल विजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

## नेपाल राष्ट्र बैंकबाट पुर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधनसम्बन्धमा

| क्र.सं. | इ.प्रा.निर्देशन नं. | एकीकृत निर्देशन २०७८ मा भएको विद्यमान व्यवस्था | एकीकृत निर्देशन २०७८ को संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. निर्देशन नं. २ को बुँदा नं. ६ मा संशोधन । | ६. अल्पकालीन तथा चालु पूँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्था<br>पूर्वाधार विकास बैंकले आफ्ना ग्राहकहरुका लागि लगानी गर्ने परियोजनाहरुको सञ्चालनको सन्दर्भमा आवश्यक हुने अल्पकालीन तथा चालु पूँजी प्रकृतिका कर्जा देहायका शर्तमा प्रवाह गर्न सक्नेछन् ।<br>१. परियोजनाको अनुमानित लागत शुरुमै विश्लेषण गरी आवधिक कर्जा र चालु पूँजी प्रकृतिका कर्जाको आवश्यकता र सीमा यकिन भएको हुनुपर्ने छ ।<br>२. निर्धारित सीमाको हदसम्म मात्र यस्तो चालु पुँजी प्रकृतिको कर्जा प्रवाह गर्न सकिने छ ।<br>३. आफूले लगानी गरेको परियोजनाहरुको लागि आवश्यक पर्ने मालसामान, उपकरण इत्यादी प्रतीतपत्र (Letter of Credit) मार्फत आयात गर्न परियोजना कर्जाको स्वीकृत सीमाभित्र रही अल्पकालीन प्रकृतिका कर्जाहरु प्रवाह गर्न सक्नेछन् । | ६ अल्पकालीन तथा चालूपुँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्था:<br>(क) पुर्वाधार विकास बैंकले आफ्ना ग्राहकहरु लागि लगानी गर्ने परियोजनाहरुको सञ्चालनको सन्दर्भमा आवश्यक हुने अल्पकालीन तथा चालु पूँजी प्रकृतिका कर्जा २०७९ कार्तिक १ गते देखि चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन २०७९ बमोजिम प्रवाह गर्न सक्नेछन् ।<br>(ख) 'चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९' लागू हुनुपूर्व प्रदान गरिएका चालूपुँजी प्रकृतिका कर्जालाई मार्गदर्शनको पूर्ण पालना गरेर मात्र नवीकरण गर्न पाइने छ । मार्गदर्शनको पूर्ण पालना नगरी नवीकरण भएको पाइएमा उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।<br>तर, 'चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९' को बुँदा नं. ७ मा भएको Variance सम्बन्धी व्यवस्था मार्गदर्शन लागु भएको पहिलो वर्ष अनिवार्य हुनेछैन । |